नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
भाद्र/आश्विन २०८० (September 2023) वर्ष २६/अङ्क २९५

## "तपाईं प्रभावशाली बन्नुहोस्"

- पाष्टर बर्णबास श्रेष्ठ

हामीहरूका सबै दिनहरू एकै समान हुँदैनन् । अप्ठ्यारो दिनहरू पनि हुन्छन् । जब जब आफ्नो योजना सफल हुँदैन, चाहे त्यो व्यवसाय, विभिन्न लगानी, विदेश जाने योजना, पढाइको योजना, घर व्यवहारको कुरा सोचे र योजना गरे भन्दा बिपरित हुन्छ, त्यस्तो समयमा हामीहरू कस्तो प्रतिकृया जनाइरहेका हुन्छौं ? यसले हामीमा कस्तो प्रभाव पारिरहेको हुन्छ र हामी वरपर भएकाहरू प्रति कस्तो प्रभाव पर्दछ ? तर प्रभु येशू खीष्टलाई मुक्तिदाता र प्रभु भनी ग्रहण गरेकाहरूले चाहिँ त्यस्तै प्रकारले प्रतिकृया जनाउने वा त्यसरीनै जिउन मिल्दैन ।

अरू निरास (डिप्रेस) छन् हामी पनि त्यसै गर्छौं । अरू सरकारको विरोध गरिरहेका छन् म पनि गरिरहेको छु, अरू निरास भएर सुतिरहेका छन् म पनि त्यसै गर्छु, मानिसहरू जीवनमा केही आशा छैन भन्दै हिड्छन् हामी त्यसै गर्छौं भने हामी र प्रभुलाई नचिनेकाहरू बीच के फरक छ ?

के यी कष्टको दिनहरूमा मानिसहरूले हामीलाई बेग्लै पाउँछन् ? हाम्रो ध्यान कहाँ छ ? हामी के विचार गरिरहेका छौं ?

फिलिप्पीलाई लेखिएको पत्रलाई आनन्दले भरिएको पत्र पनि भन्न सकिन्छ। कारण धेरै ठाउँमा 'आनन्द' गर भन्ने लेखिएको छ। आनन्दित हुन त्यही अनुसार विचार गर्न पर्छ र जिउन पर्छ। र त्यो सम्भव छ।

जुन दिन हामीले येशूलाई विश्वास गऱ्यौ, (यूहन्ना ३:१६) र उहाँलाई प्रभु हो भनी हाम्रो मुखले स्वीकार गऱ्यौं, (रामी १०:९) त्यही समयदेखि हाम्रो जीवनमा ठूलो परिवर्तन आएको छ। हामी नयाँ सृष्टि भएका छौं (२ कोरिन्थी ५:१७)। हामीले उहाँको आत्मा र नयाँ जन्म पाएका छौं (यूहन्ना १:१३) र परमेश्वरको सन्तान र खीष्ट येशूसँगै साझे हकवाला अर्थात् परमेश्वरको घरानाका भएका छौं (रामी ८:१६-१७)। उहाँको महिमित उत्तराधिकारको सम्पत्ति जो उहाँको शक्ति हो सो जान्न उहाँले हाम्रो आँखा खोलिदिनुभएको छ (एफिसी १:१५-२३)। हामी उहाँको छोराछोरी भएकै कारण हामी पनि पवित्रतामा जिओस् भन्ने उहाँ चाहनुहुन्छ (१ पत्रुस १:१६)।

हामीले विश्वास गर्न अघि संसारको चाल अनुसारनै चल्दथ्यौं र जिउँथ्यौं (एफिसी २:२) तर अब हामी उहाँसँगै स्वर्गीय स्थानमा बसालिएका छौं (एफिसी २:४)। यसैले हामीले अबको बाँकी जीवन हामीहरूको कुइच्छामा होइन, तर परमेश्वरको इच्छामा बिताउनुपर्छ। ताकि मानिसहरू हामीहरूलाई देखेर छक्क पर्दछन् (१ पत्रुस ४:२-५)। परमेश्वरको दिव्य शक्तिद्वारा जीवन र भक्तिको निम्ति हामीलाई चाहिने प्रत्येक थोक उहाँले दिनुभएको छ (२ पत्रुस १:३)।

त्यसैले हामीहरूले पनि खीष्ट जस्तै जिउनु हो भने हामीहरूको सोचाइ र विचार पनि बदलिनुपर्छ कारण हामीले जे कुरा धेरै विचार गर्छौं त्यही काम गर्न थाल्छौं। फिलिप्पी ४ अध्यायको ८ र ९ मा पावलले यस प्रकारले भन्दछन्, **"अन्त्यमा भाइ हो, जे कुरो सत्य छ, जे कुरो आदरणीय छ, जे कुरो न्यायसंगत छ, जे कुरो शुद्ध छ, जे कुरो प्रेमयोग्य छ, जे कुरो कृपामय छ, यदि केही श्रेष्ठता, प्रशंसाको योग्य केही छ भने यी नै कुराका विचार गर। तिमीहरूले जुन कुरा मबाट सिक्यौ, र ग्रहण गऱ्यौ र सुन्यौ र ममा देख्यौ, त्यही गर, र शान्तिका परमेश्वर तिमीहरूसँग हुनुहुनेछ।"**

यस खण्डबाट हामीहरूले विचार गर्नुपर्ने ८ ओटा कुराहरू छन् जो यस प्रकार छन् र हामी संक्षिप्तमा हेर्नेछौं:

१. सत्य: खीष्ट सत्य हुनुहुन्छ: येशूले तिनलाई भन्नुभयो, "बाटो सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन (यूहन्ना १४:६) ।

खीष्टको वचन सत्य छ: तपाईका सम्पूर्ण वचनहरू सत्य छन्, र तपाईंका सबै धार्मिक नियमहरू अनन्तका छन् (भजन संगह ११९:१६०)।

२. आदरणीय: कसैलाई खराबको सट्टा खराब नगर। जुन कुरा सबै मानिसहरूका दृष्टिमा आदरणीय छ, तिनमा ध्यान देओ रोमी १२:१७)।

किनकि हामी प्रभुको दृष्टिमा मात्र होइन, तर मानिसहरूका दृष्टिमा पनि जे आदरणीय छ त्यो गर्ने लक्ष्य राख्दछौं (२ कोरिन्थी ८:२१)।

३. न्यायसंगत: न्यायलाई पछ्याओ, न्यायलाई मात्र, ताकि परमप्रभु तिमीहरूका परमेश्वरले दिनुहुने देश अधिकार गरेर तिमीहरू जीवित रहन सक।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | जोरपाटी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **भाद्र २३ गते** September 9 | पाष्टर सिमोन पाठक | श्रीमती माया तामाङ्ग | पाष्टर अशोक मुखिया | डीकन भुपाल लामा | श्री मिन ब. तामाङ्ग | एल्डर सिमोन खालिङ | पाष्टर रूबेन श्रेष्ठ | डीकनेस् रीता अधिकारी | श्री जीवन खालिङ | श्री सुदान रूचाल | अतिथी |
| **भाद्र ३० गते** September 16 | श्री विष्णु देउला | डीकन कान्छा श्रेष्ठ | श्रीमती सुशिला नेवा | डीकन राम ब.तामाङ्ग | एल्डर मन ब. मगर | डीकन ध्रुव घिमिरे | एल्डर श्रीलक्ष्मी सैंजु | एल्डर बाबुराम के.सी. | श्री जीवन खालिङ | एल्डर जनकलाल श्रेष्ठ | एल्डर लाक्पा लामा |
| **आश्विन ६ गते** September 23 | पाष्टर सिमोन पाठक | एल्डर सुरेश पुर्कुटी | डीकन कुमार गजमेर | श्री डिल्ली ब. तामाङ्ग | श्री सुचन तामाङ्ग | पाष्टर रोल्याण्ड रोंगोंग | पाष्टर घनश्याम दाहाल | एल्डर सीता गुरूङ्ग | श्री बिमला थापा | एल्डर भुवन देवकोटा | पाष्टर प्रेम श्रेष्ठ |
| **आश्विन १३ गते** September 30 | श्री लेखनाथ पौडेल | श्री सरुष तामाङ्ग | डीकन सुबोध अधिकारी | एल्डर बागमान तामाङ्ग | एल्डर पूर्ण सुनुवार | रेभ. पिटर लाइट | पाष्टर रूबेन श्रेष्ठ | एल्डर रूद्र राई | डीकन अनिल चौधरी | एल्डर आनन्द न्यौपाने | संयुक्त सेवा डाँछी चर्च |
| **आश्विन २० गते** October 7 | पाष्टर अशोक मुखिया | डीकन राजु तामाङ्ग | श्री पिटर घिमिरे | डीकनेस् ज्योति सिल्पकार | श्री विजय तामाङ्ग | पाष्टर बि.बि. खवास | डीकन सिमोन भण्डारी | एल्डर नभराज के.सी. | पाष्टर शरण राई | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर लाक्पा लामा |

**ए मानिस, जे असल छ, त्यो उहाँले तँलाई देखाउनुभएको छ । र परमप्रभुले तँबाट के चाहनुहुन्छ ? केबल यति, ठीकसित काम गर्नू** (Do Justice) **र कृपालाई प्रेम गर्नू र तेरा परमेश्वरसित विनम्र भए हिँड्नू (मिका ६:८) ।**

४. **शुध्दता: अनि जस्तो उहाँ पवित्र हुनुहुन्छ, उहाँमाथि यो आशा राख्ने हरेक मानिसले आफूलाई पवित्र पार्छ (१ यूहन्ना ३:३) । हे परमेश्वर, ममा शुद्ध हृदय सृजनुहोस्, र मभित्र एउटा स्थिर आत्मा पुनर्जीवित पार्नुहोस् (भजनसंग्रह ५१:१०) । धन्य शुद्ध हृदय हुनेहरू (मत्ती ५:८) किनभने तिनीहरूले परमेश्वरलाई देख्नेछन् (भजनसंग्रह २४:३-४) ।**

५. **प्रेमयोग्य:** दैनिक जीवनमा प्रेमयोग्य के के छन् ? जसलाई हामीहरूले दिनहुँ विचार गर्न सक्दछौं । भजन लेखकले भन्दछ, उहाँको प्रशंसा गाउनु प्रेमयोग्य छ । **हल्लेलूयाह ! हाम्रा परमेश्वरको प्रशंसा गाउनु कति असल कुरो हो ! उहाँको प्रशंसा गर्नु कति रमाइलो र उचित छ ! (भजनसंग्रह १६७:१)**

६. **कृपामय, मनपर्दो**, (Commendable) हामीहरूको व्यवहार कृपामय अर्थात् परमेश्वरको दृष्टिमा मनपर्दो हुन आवश्यक छ । **यदि परमप्रभुलाई मानिसको मार्ग मन पर्‍यो भने उहाँले त्यसका पाइला दह्रिला पार्नुहुन्छ (भजनसंग्रह ३७:२३) ।**

७. **श्रेष्ठता र उत्तम कुराहरूमा मन लगाउनाले शुद्धतामा डोराउँछ । यस हेतुले कि जे उत्तम छ सो तिमीहरू खुट्ट्याउन सक, र ख्रीष्टको दिनको निम्ति शुद्ध र दोषरहित रहन सक (फिलिप्पी १:१०) ।**

८. **प्रशंसा योग्य:** हामीहरूले विचार गर्दा, सोच्दा वा व्यवहारमा प्रशंसा गरिन योग्य कुराहरूमा मन लगाएका छौं कि छैनौं सोच्न आवश्यक छ । ख्रीष्टका कुराहरू प्रशंसा योग्य छन् । हामीहरूले उहाँको कुराहरूमा मन लगाएका छौं भने प्रशंसा योग्य कुराहरूमा मन लगाएका हुन्छौं । त्यसैले काम कुरामा हामी जे पनि गर्छौं परमेश्वर पितालाइ धन्यवाद चढाउँदै गर्छौं (कलस्सी ३:१७) ।

सबै प्रकारको परिस्थितिमा खडा हुन, ढुक्क हुन सक्न, अरूसँगको व्यवहारमा सठीक रहन, सबै परिथितिमा आनन्दित रहन, धन्यवादी भई जिउन सहायता पुग्छ र परमेश्वरको शान्तिले हाम्रो हृदय र हाम्रो विचारलाई सुरक्षित राख्नेछौं ।

## मिशनेरीहरूको लागि प्रार्थना

श्रीमती सेल्भी नेपाली र परिवार (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार बेलायत, पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुर्‍याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

## विशेष अनुरोध

१. मण्डलीको आराधना सेवा, प्रार्थना सभाहरू साथै अन्य सेवा- संगतिहरूमा सेवा शुरू हुन अघि नै समयमै आउनुहुन अनुरोध गर्दछौं ।

२. मण्डली भवनभित्र प्रवेश गर्नुभएपछि सेवा अगाडि नै आफ्नो मोबाइलको स्वीच बन्द वा साइलेन्टमा राखिदिनुहुन विशेष अनुरोध गर्दछौं ।

३. आराधना सेवाहरूको साथै अन्य सेवा संगति, सभाहरूमा आउनुभएका नयाँ, पुरानाहरूसँग सेवाअघि र सेवापछि चिनापर्ची, भेटघाट गरी प्रभुमा हुर्काउनको लागि हप्ता बीचको घरेलु संगति साथै अन्य सेवा संगतिहरूमा पनि लैजान सकौं । जसको फलस्वरूप मण्डलीमा आउनुभएका नयाँ दाजुभाइ दिदी बहिनीहरू मण्डलीको प्रेम र वास्तामा प्रभुमा बढ्दै जान सकून् ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | डाँछी | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | गोंगबूँ | बानियाटार | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भाद्र २३ गते September 9 | अतिथी | श्री चित्र खड्का | एल्डर कृष्ण तामाङ्ग | एल्डर गोपी राई | डीकन कृष्ण श्रेष्ठ | डीकन उमेश मगर | श्रीमती देवकी जिरेल | एल्डर बेन्जामिन तामाङ्ग | एल्डर बी.एन पण्डित | श्री कुमार सेन्चुरी | श्री प्रेम गुरूङ्ग |
| भाद्र ३० गते September 16 | अतिथी | श्री फुर्का तामाङ्ग | डीकन अमृत लामा | एल्डर कृष्ण तामाङ्ग | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | एल्डर अष्ट श्रेष्ठ | पाष्टर कर्ण तामाङ्ग | एल्डर बेन्जामिन तामाङ्ग | एल्डर छोदेन कार्थक | पाष्टर बर्णबास श्रेष्ठ |
| आश्विन ६ गते September 23 | एल्डर पेशल राई | एल्डर जमान घ्लान | डीकनेस् रुष तामाङ्ग | एल्डर राज गुरूङ्ग | श्री चित्र खड्का | डीकन उमेश मगर | डीकन अमृत लामा | एल्डर पिटर लिम्बू | श्री चन्द्र तामाङ्ग | एल्डर राजु श्रेष्ठ | एल्डर जोरविर राई |
| आश्विन १३ गते September 30 | अतिथी | संयुक्त संवा - डाँछी चर्च | | | | | | पाष्टर बर्णबास श्रेष्ठ | पाष्टर घनश्याम दाहाल | डीकन अनिल आले | श्री चन्द्र मोक्तान |
| आश्विन २० गते October 7 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | संयुक्त सेवा गाम्चा चर्च | पाष्टर कर्ण तामाङ्ग | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर छोदेन कार्थक | एल्डर जोरविर राई |

## जानकारी



नगरकोट बस्नुहुने नेइम नगरकोट चर्चको सदस्य श्री मैयाँ (कान्छी) तामाङ्ग ९६ वर्षको उमेरमा श्रावण १८ गते/अगष्ट ३ तारिख बिहीबार प्रभुमा सुत्नुभयो ।



लमजुङ्ग बस्नुहुने नेइम गोंगबूँ चर्चको सदस्य श्री प्रेम गुरूङ्ग ६३ वर्षको उमेरमा भाद्र ३ गते/अगष्ट २० तारिख आइतबार प्रभुमा सुत्नुभयो ।



भक्तपुर बस्नुहुने नेइम सिर्जनानगर चर्चको सदस्य श्री दामोदर अवाल ४७ वर्षको उमेरमा श्रावण ३० गते/अगष्ट १५ तारिख मंगलबार प्रभुमा सुत्नुभयो ।

श्रावण २० गते/अगष्ट ५ तारिख शनिबार नेइम ललितपुर चर्चमा श्री ध्रुव घिमिरे, श्री सुरेन्द्र श्रेष्ठ र श्री लोप्साङ्ग तामाङ्गलाई डीकन, श्रीमती रूथ प्रधान र सुश्री बिन्दी रजकलाई डीकनेस् नियुक्त गरियो ।

श्रावण २७ गते/अगष्ट १२ तारिख शनिबार नेइम गुरुजुधारा चर्चमा डीकन बाबुराम के.सी., डीकन रूद्र राईलाई एल्डर अभिषेक गरियो साथै श्री श्रीराम सुर्खेती र श्री हरिश्चन्द्र महर्जनलाई डीकन नियुक्त गरियो ।

## विशेष प्रार्थना

१.देशका उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पार्टीहरूलाई देश चलाउनको लागि ज्ञान-बुद्धि, एकता, मेल मिलाप मागिदिऔं ।

२.चाडपर्वको समयमा पानीको बप्तिस्मा लिनुभएकाहरू, प्रभुलाई ग्रहण गर्नुभएकाहरू साथै अधुरा परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठचारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायता मागिदिऔं ।

३. विभिन्न देशमा पढाइ, रोजगार तथा अन्य कामको लागि जानुभएकाहरूको सुरक्षाको लागि प्रार्थना गरिदिऔं साथै विदेशमा हुनुभएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा खीष्ट प्रभुलाई चिन्न सकून् ।

४.प्रभुको नाउँको विरूद्ध खडा भएका र प्रभुको नाउँको खातिर प्रभुको जनहरूको विरुद्ध खडा भई दुःख-कष्ट दिने, यातना दिने, खेदो निन्दा गर्ने र सतावट दिने व्यक्तिहरूको प्रभु येशूसँग जम्का भेट हुन सकोस् र उनीहरूले पनि प्रभु येशू खीष्टलाई आफ्नो प्रभु र मुक्तिदाता भनेर आफ्नो हृदयमा बोलाउन सकून् ।

५.काम र पढाइको लागि विभिन्न देशहरूमा जानुभएका विश्वासीहरूले आफ्नो व्यस्तताको कारण प्रभुलाई बिर्सन नसकून् साथै कुनै न कुनै संगतिमा रहेर परमेश्वरलाई महिमा दिन सकून् ।

६. झरी वर्षाको समयमा बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपको कारण दुःख, कष्टमा परेकाहरूको लागि प्रार्थना गरिदिऔं ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | १७ 3<br>नेपाली इसाई मण्डली साथै शाखा/आवद्ध मण्डलीहरू अझ आशिषित भएर जानको लागि परमेश्वरबाटको विशेष अगुवाइ मागौं ।<br>यशैया ४५:१-४, ५४:२-३ | २४ 10<br>सुसमाचारको काममा मण्डली अझ लागिपरेको कारण धेरै जना परमेश्वरको राज्यमा आउन सकून्<br>रोमी १०:१४-१५ | ३१ 17<br>नेइम परिषद्का गुरुजनहरूले पवित्र आत्माको शक्ति र अगुवाइमा मण्डलीलाई डोऱ्याउन सकून् ।<br>एफिसी ४:१-४ | ७ 24<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वास-योग्यताका साथ सधैं हेरचाह गर्न सकून् ।<br>प्रेरित ११:२३-२४ | १४ October 1<br>नेइमका सबै अगुवाहरूले आफ्नो झुण्डलाई प्रभुमा हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ॥<br>मत्ती २८:१८-२० |
| **सोमबार**<br>Monday | १८ 4<br>प्रभुको नाउँको खातिर दुःख, कष्ट, सतावट भोगिरहनुभएका विश्वासीहरू प्रभुको सामर्थ्यमा बलियो हुँदै प्रभुको साक्षी हुन सकून् ।<br>यशैया ५४:१७, यूहन्ना १६:३३ | २५ 11<br>देशभरि हुने आराधना सेवाहरूमा चढाएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस् ।<br>२ इतिहास २०:२१-३० | १ आश्विन 18<br>मण्डलीका सबै विश्वासीहरू जीवनका सबै रहनसहनमा परमप्रभुको आदर गर्नेहरू भई इमान्दारितामा जिउन सकून् ।<br>रोमी १५:१-६ | ८ 25<br>प्रत्येक परिवारमा प्रभुलाई पाहुना होइन तर सधैं प्रभु मानेर आदर गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १२८:१-४ | १५ 2<br>इस्राएल देशका यहूदी जातिहरूको निम्ति प्रार्थना गरिदिऔं<br>आमोस ९:१३-१५ |
| **मंगलबार**<br>Tuesday | १९ 5<br>मण्डलीका सबै विश्वासीहरू सँधै प्रार्थनामा जागा रहनेहरू हुन सकून् ।<br>१ पत्रुस ५:८-१० | २६ 12<br>परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा जागेको होस् जसको फलस्वरूप हामी वचनमा आधारित जीवन जिउन सकौं ।<br>भजनसंग्रह ११९:१८ | २ 19<br>परमेश्वरको वचन सुन्न, बुझ्न र सुनेको वचनलाई मनन गरी त्यसअनुसार जिउनको लागि प्रार्थना गरिदिऔं ।<br>याकूब १:२२-२५ | ९ 26<br>परमेश्वरमा निको हुने आशाले आउनुभएका रोगी-बिरामी, भूतात्मा लागेका र अन्य बन्धनमा परेकाहरूको जीवनमा चंगाई, छुट्कारा र स्वतन्त्र आएको होस् ।<br>भजनसंग्रह २२:५ | १६ 3<br>बप्तिस्मा नलिएकाहरूले प्रभु येशू खीष्टको भएर जिउनको लागि बप्तिस्माको कदम उठाउन सकून् ।<br>२ कोरिन्थी ५:१५ |
| **बुधबार**<br>Wednesday | २० 6<br>हामी सबै खीष्ट प्रभुलाई जीवनको अन्तिम घडीसम्मै प्रेम गरिरहन र उहाँको भएर जिउनको लागि अनुग्रह मागौं ।<br>२ तिमोथी ४:१-८ | २७ 13<br>अधुरो रूपमा आइराख्नुभएका-हरूले आफ्नो परिवारमा असल साक्षीको जीवन जिएको कारणले उहाँहरूको परिवार प्रभुको राज्यमा आउन सकून् ।<br>२ कोरिन्थी २: १३-१४ | ३ 20<br>येशू प्रभुलाई विश्वास गर्नेहरू केवल विश्वासीहरू मात्र होइन तर खीष्टको चेला भएर जिउन सकून् ।<br>कलस्सी १:२८ | १० 27<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएका-हरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४५:१-७ | १७ 4<br>झूठा शिक्षा र शिक्षकको भर्माउने कुराबाट होशियारी रहन मण्डलीका सबै सदस्य-हरूलाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>मत्ती २४:२४-२५ |
| **बिहीबार**<br>Thursday | २१ 7<br>मण्डलीका सबै बाल बालिकाहरू सानै उमेरदेखि प्रभुको आवाज सुनेर भविष्यमा परमेश्वरकै महिमाको कामको लागि तयार हुन सकून् ।<br>१ शमूएल ३:१-१० | २८ 14<br>सबै जवानहरूको प्रभुसँगको संगति, सुसमाचार प्रचार, पढाइ, काम, विवाह आदिको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ३७:३-५ | ४ 21<br>विवाह बन्धनमा बाँधिएका सबै दम्पत्तिहरू आशिषित् भएर जिउनका लागि प्रार्थना गरिदिऔं ।<br>एफिसी ५:२२-३३ | ११ 28<br>मण्डलीमा भएका एकल महिला र पुरुष साथै पाको उमेरका सबै वृद्ध/वृद्धाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४६:३-४ | १८ 5<br>मण्डलीका सबै आमा बुवा आफ्ना छोराछोरीहरूलाई प्रभुको प्यार, प्रेम, शिक्षा, अनुशासनमा हुर्काउन सकून् ।<br>व्यवस्था ६:४-९ |
| **शुक्रबार**<br>Friday | २२ 8<br>मण्डलीका सबै विश्वासीहरूको जीवन एकअर्काको निम्ति आशिष् र आत्मिक उन्नतिको कारण हुन सकून् ।<br>रोमी १४:१९ | २९ 15<br>हामी पवित्र आत्माको बप्तिस्मा पाएकाहरू आत्माको भरपूरी र अगुवाइमा हिँड्नेहरू भई फलवन्त जीवन जिउन सकौं ।<br>गलाती ५:२२-२५ | ५ 22<br>आखिरी दिनहरूमा संसारको धेरै निरास गर्ने कुराहरूबाट पवित्र आत्मा परमेश्वरले नै सबै विश्वासीहरूलाई स्थिर रहन सहायता गरून् ।<br>२ तिमोथी ३:१०-१७ | १२ 29<br>मण्डलीका विश्वासीहरू परमेश्वरलाई साँचो हृदयले प्रेम गर्नेहरू हुन सकून् ।<br>यूहन्ना १५:१० | १९ 6<br>मण्डलीलाई प्रशस्त आशिष्मा डोऱ्याउनुहुने साथै आशिष्को कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकून् ।<br>भजनसंग्रह १४७:१-२० |
| **शनिबार**<br>Saturday | २३ 9<br>परमेश्वरका छोराछोरीहरू जुन बोलावटमा बोलाइएका छन् त्यसअनुसार जिउन सकून् ।<br>एफिसी ४:१-६ | ३० 16<br>सरकारी तथा गैह्र सरकारी संस्थामा काम गरिराख्नुभएको सम्पूर्ण विश्वासीहरूको लागि प्रार्थना गरिदिऔं ।<br>एफिसी ६:५-८ | ६ 23<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक वृद्धि, आत्मिक जागृति साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>भजनसंग्रह २६:२-८ | १३ 30<br>आज हुने आराधना सेवाद्वारा मण्डली अझै आशिषित भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्न सकून्<br>प्रेरित १:८, २:४२-४७ | २० 7<br>बेरोजगार भएकाहरूको अभाव प्रभुले पूरा गरिदिऊन् र कामहरू पनि जुटाइदिनुभएको होस् ।<br>१ पत्रुस ५:७ |

**परमप्रभुले तिमीहरूलाई आशिष् दिऊन्, र तिमीहरूलाई रक्षा गरून् । परमप्रभुले आफ्नो मुख तिमीहरूमाथि चम्काऊन् र तिमीहरूलाई अनुग्रह गरून् । परमप्रभुले आफ्नो चेहरा तिमीहरूमाथि प्रकाश गरून् र तिमीहरूलाई शान्ति दिऊन् ।' "यसरी नै तिनीहरूले इस्राएलीहरूमाथि मेरो काम कायम राख्नेछन्, र म तिनीहरूलाई आशिष् दिनेछु ।"**

**गन्ती ६:२४-२७**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४५१४४८९/४५१२१७२, Email:info@nim.org.np,